सम्पर्क नं. : ०२५-५४१०३०

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

**विषय :- अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना ।**

प्रकाशित मितिः २०७९/१०/११

प्रस्तुत विषयमा यस दुहवी नगरपालिकाको अपाङ्गता सहायता सहजकर्ताका लागि देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्रमा तोकिएको शुल्क तिरेको रसिद संहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०७९/०८० | सहजकर्ता | सहायक चौथो | १ | |

१. सहजकर्ताको योग्यता :-

क) नेपाली नागरिक भएको । ख) अपाङ्गता भएको व्यक्ति ।

ग ) मान्यता प्राप्त शिक्षण संस्थावाट +२ वा सो सरह उतिर्ण गरेको ।

घ ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

२. उमेरः कम्तीमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. दरखास्त दिने स्थानः दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी ।

४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः आवेदकले प्रमाणित गरेका देहायका कागजातहरु ।

(क) नागरिकता प्रमाण-पत्रको प्रतिलिपी (ख) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी ।

५.छनौटको किसिमः- दुहवी नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७ तथा स्थानीय तहमा अपाङ्गता सहायता कक्ष संचालन सम्वन्धि कार्यविधि २०७९ को दफा ६ को (१) मा उल्लेख गरे बमोजिम प्रत्यक्ष मौखिक अन्तर्वार्ता र अन्य विविध पक्षको मुल्यांकनका आधारमा छनौट गरिने छ ।

६. परीक्षा दस्तुरः- रु.३००/- ७) सेवा सुविधाहरुः- करार सम्झौता बमोजिम हुनेछ।

८) अपाङ्गता संग सम्वन्धित कार्य अनुभवलाइ प्राथमिकता दिइनेछ ।

९) साङकेतिक भाषाको तालिम लिएको उम्मेदवारलाइ प्राथमिकता दिइनेछ ।

नोटः दरखास्त फारम प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ। विस्तृत जानकारिका लागि ०२५-५४१०३० नम्वरमा सम्पर्क गर्नु होला ।

राजकुमार के.सी.
प्रमुख प्रशासकीय अधिकृत